# Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal

**अत्यन्त जरुरी**

च.नं. ६०/७९/८०

मिति :- २०७९/०३/२७

**श्रीमान् अध्यक्षज्यू,**
**डा. श्री बलराम पाठक ज्यू,**
**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रिय कार्यालय, सिहंदरबार प्लाजा,**
**काठमाडौं, नेपाल ।**

***बोधार्थ:*** **श्री नेपाल राष्ट्र बैंक**
**बालुवाटार, काठमाडौं, नेपाल ।**

***बोधार्थ:*** **माननीय सभापति ज्यू,**
**श्री भरत कुमार शाह ज्यू,**
**श्री व्यवस्थापिका संसद**
**सार्वजनिक लेखा समिति,**
**नेपाल सरकार,**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

**विषय: उद्योगले राष्ट्रिय वाणिज्य बैंकमा दिएको घरजग्गा धितो सुरक्षण सम्बन्धमा ।**

**श्रीमान् अध्यक्षज्यू,**

श्री नेपाल राष्ट्र बैंकको मिति २०७९/०२/२० को पत्र संख्या: बै.वि.नि.वि./जी.एच.सी./१९/०७८/७९ को पत्र प्राप्त भए अनुसार उद्योग 'महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रिज' र राष्ट्रिय वाणिज्य बैंकबीच छलफल/सहमति गरी उद्योगलाई न्याय दिन र निर्यातजन्य उद्योगको कारोबार पुन: सुचारु गरिदिने सन्दर्भमा श्रीमान् अध्यक्षज्यू समक्ष सहयोगको अपेक्षा राख्दै यो निवेदन प्रस्तुत गर्दछु ।

श्रीमान् अध्यक्षज्यू, लिलाम बिक्री भन्नाले धितोमा रहेको सम्पूर्ण सम्पत्तिको प्रचलित बजार भाउ अनुसार न्यायोचित मूल्याङ्कन गरी लिलाम बिक्री गर्नुपर्ने अनिवार्य अवस्था बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ मा प्रष्ट उल्लेख गरिएको छ । मिति २०७१/०९/१३ मा प्रकाशित गरिएको लिलाम बिक्रीको सूचनामा ऋण असुली अधिकृतले सम्पूर्ण सम्पत्तिलाई अवमूल्याङ्कन गरी, प्रचलित बजार भाउलाई समेत ध्यानमा नराखी ज्यादै थोरै न्यून मूल्य कायम गरी सोही मूल्यका आधारमा गरेको लिलाम बिक्रीको कार्य न्यायोचित नरहेको राष्ट्रिय वाणिज्य बैंकलाई जानकारी नै छ ।



DD787075247NP
GPOKathmandu (44600)
Same Day Delivery (DD787075247NP)
From:MGI nepal PO box 4206
Kathmandu, nepal
To:balram pathak
Kathmandu, k
Weight: 110.00 Grams Cash: Rs.260.00
Date:7/12/2022 Time: 10:55 AM
OP:hemacounter

ऋण असुली अधिकृतले ऋण असुली नियमावली र प्रक्रिया विपरीत (एकै कम्पाउण्डबाल भित्र उत्तरतिर प्रवेशमा रहेको ५ कित्ता सम्पत्ति) लिलामीमा समावेश नगरी त्रुटि गरेको तथा उल्लेखित सम्पत्तिहरुको मूल्याङ्कन गर्दा **मालपोत मूल्याङ्कनलाई समेत अनुशरण नगरेको** तथ्य प्रष्ट छ । यी कार्यहरु त्रुटिपूर्ण, गैरकानूनी तथा प्राकृतिक न्याय सिद्धान्त समेत विपरित रहेको रा. बा. बैंकलाई अवगत छ ।

श्रीमान् अध्यक्षज्यू, पहिले पनि ऋण असुली न्यायाधिकरणबाट मिति २०६९/०५/१९ मा भएको मूल्याङ्कन मुचुल्का, मिति २०६९/०५/२१ को मूल्याङ्कन आदेश तथा मिति २०६९/०५/२२ को लिलामी सूचना समेत राष्ट्रिय वाणिज्य बैंकले मिति २०६९/०६/०९ मा नक्कल सारी हेर्दा थाहा पाएको भनी रा. बा. बैंकले मिति २०६९/०६/१५ मा अवमूल्याङ्कन भएको र लिलाम बिक्रीको रित पुरा भएको नदेखिँदा लिलाम सूचना बदरका लागि निवेदन दायर गरेको थियो । सो निवेदन उपर ऋण असुली न्यायाधिकरणबाट *मूल्याङ्कन र लिलाम बिक्रीको रित पुरा भएको नदेखिँदा उक्त मूल्याङ्कन बदर गरी रित प्रकृया तथा आधार पुरा गरी धितोको पुनः मूल्याङ्कन गर्नु* भन्ने मिति २०६९/०६/१९ को आदेशबाट उक्त लिलामी सूचना समेत बदर गरिएको छ ।

**पहिले पनि अवमूल्याङ्कन र त्रुटिपूर्ण हुँदा राष्ट्रिय वाणिज्य बैंकको अनुरोधमा लिलामी सूचना समेत बदर गरिएको थियो, सोही अवस्था आज पनि हुदाँ राष्ट्रिय वाणिज्य बैंकले लिलामी बदर गराउनुपर्ने बैंकको दायित्व हो ।**
आम नागरिकले एवम् व्यवसायीहरुले कारोबारका लागि बैंकमा सम्पत्तिहरु दृष्टिबन्धक गरी राखेपछि सो सम्पत्तिहरुको सुरक्षा गर्नुपर्ने सम्पूर्ण दायित्व बैंकको हो ।

श्रीमान् अध्यक्षज्यू, **श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट मिति २०७१/१०/१३ मा लिलामी रोक्न निर्देशन** सहितको निम्न लिखित व्यहोराको पत्राचार श्री नेपाल सरकार अर्थ मन्त्रालय, श्री नेपाल राष्ट्र बैंक र श्री ऋण असुली न्यायधिकरणलाई गरिएको थियो । सो आदेश सम्बन्धमा समाचार समेत मिति २०७१/१०/१६ (30th January 2015) मा गोरखापत्र राष्ट्रिय दैनिक र मिति २०७१/१०/१७ (31st January 2015) मा The Rising Nepal National Daily सहित विभिन्न पत्र–पत्रिकाहरुमा प्रकाशित भएको थियो । सो को समेत राष्ट्रिय वाणिज्य बैंकलाई जानकारी भएकै हो ।

## श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिद्वारा मिति २०७१/१०/१३ मा लिलामी रोक्न निर्देशन सहितको पत्र

**"उपरोक्त सम्बन्धमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजका प्रोपाइटर श्री बृजगोपाल इनानीले लिलामी खारेज गरी निर्यातजन्य उद्योगको साविक बमोजिम कारोबार सुचारु गरी पाउँ भनी यस समितिका सभापति समक्ष पेश भएको निवेदनमा उल्लेखित विषयवस्तुका सम्बन्धमा यस समितिद्वारा विगतमा समेत पटक पटक पत्राचार गरी समस्या समाधान गर्न निर्देशन गरेकोले सो समाधान गर्न तर्फ नलागि सिधै कारवाही गर्न लागेकाले कतिपय नीतिगत समस्याहरु समेत उठेकाले सो समाधान गरी प्रकृयामा बढ्नु पर्ने भएकाले नीतिगत विषयमा उठेका सम्बन्धमा सम्बोधन गरे पछी मात्र प्रकृया अगाडि बढाउन पत्राचार गर्न निर्देशन भएकोले सो कार्यन्वयनको लागि निवेदनको प्रति यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु । "**

तत्पश्चात् पनि श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट भएको आदेशको अवज्ञा गर्दै ऋण असुली न्यायधिकरणले गरेको लिलाम सम्बन्धी कार्यलाई राष्ट्रिय वाणिज्य बैंकले नरोक्दा बैंकलाई के फाइदा भएको हो ?

रा. बा. बैंकले आफ्नो लगानी भएको ऋण समेतको परवाह नगर्दा उद्योग र उद्योगीको प्रतिष्ठा र धन सम्पत्तिको नोक्सान हुनुका साथै स्वयं बैंकलाई तथा राष्ट्र समेतलाई हित नहुने कुरा स्पष्ट छ ।

श्रीमान् अध्यक्षज्यू, उद्योगीले मिति २०७१/०५/३१ मा आर्थिक राष्ट्रिय दैनिकको मुख्य पृष्ठमा कर्जा तिर्ने प्रतिबद्धता सहितको निवेदन दिएको थिए । पूर्व सम्माननीय प्रधानमन्त्रीज्यू र पूर्व माननीय अर्थमन्त्रीज्यूको तथा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति निर्देशनानुसार रा. बा. बैंकका तत्कालिन कार्यकारी प्रमुखज्यू र म उद्योगीबीच कर्जा राफसाफ गर्ने र उद्योगको कारोबार सुचारु गर्ने विषयमा छलफल अगाडि बढाइएको थियो ।

उद्योग र बैंकबीच छलफल चलिरहेकै अवस्थामा साथै श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिले राष्ट्रिय वाणिज्य बैंकबाट महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजविरुद्ध विगतमा भएका गैरकानूनी कामहरुको जाँच गरिरहेकै अवस्थामा उद्योगको बाँकी रहेको मूल्य रु. ४३,००,००,०००/– (अक्षरेपी रु. त्रिचालीस करोड) भन्दा बढीको बहुमूल्य सम्पत्तिहरुलाई एकदमै न्यून मूल्य अर्थात् मालपोतको रजिष्ट्रेशन मूल्य भन्दा पनि कम रु. १३,४५,०७,८७५/– (अक्षरेपी रु. तेह्र करोड पैंत्तालीस लाख सात हजार आठ सय पचहत्तर मात्र) कायम गरी श्री ऋण असुली न्यायधिकरणले मिति २०७१/०९/१३ मा घर जग्गाको त्रुटिपूर्ण लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा लिलामी रोक्नु रा.बा. बैंकको दायित्व थियो ।

## <u>मिति २०७१/०९/१३ मा श्री ऋण असुली न्यायधिकरणले निकालेको लिलामी सूचनामा निम्न बमोजिम त्रुटिपूर्ण रहेको जानकारी गराउँदै छु :–</u>

- बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ मा प्रचलित बजार भाउलाई ध्यानमा राखी मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ । ऋण असुली अधिकृतले उक्त व्यवस्थालाई पालना नगरी आफूखुसी ज्यादै कम मूल्य कायम गरी अर्थात् मालपोत रजिष्ट्रेशन मूल्याङ्कनलाई समेत अनुशरण नगरी सूचनामा प्रकाशित भएको सबै धितो सम्पत्तिहरु अवमूल्याङ्कन गरेको छ ।

| उद्योगको सम्पत्तिको विवरण | | क्षेत्रफल | मालपोतको रजिष्ट्रेशन मूल्याङकन भन्दा पनि कम मूल्याङकनमा लिलामी | प्रचलित बजार मूल्य |
|---|---|---|---|---|
| डाछी ९(ख) | कि.नं. ७० | ५–६–३–० | **रु. ९७,५९,३७५/-** (अक्षरेपी रु. सन्तानब्बे लाख उनन्साठी हजार तीन सय पचहत्तर मात्र) | मिति २०५६/११/३० मा (पत्र सं च.नं. ७६८) गा. वि. स. कार्यालय, डाँछीद्वारा रु. १७,००,०००/– ( अक्षरेपी रु. सत्र लाख ) प्रति रोपनी चलन चल्ति मूल्याङकन रहेको र हाल पीच रोडसँग जोडिएको सो सम्पत्तिको चलन चल्ति मूल्य लगभग **रु. १८,००,००,०००/–** (अक्षरेपी रु. अठार करोड मात्र ) रहेको । |
| | कि.नं. १५६ | ६–३–२–० | **रु. ३,७३,१२,५००/-** (अक्षरेपी रु. तीन करोड त्रीयत्तर लाख बाह्र हजार पाँच सय मात्र) | |
| | | जम्मा | रु. ४,७०,७१,८७५/– ( अक्षरेपी रु. चार करोड सत्तरी लाख एकत्तर हजार आठ सय पचहत्तर मात्र ) | |
| कालिमाटी २(क), ताहाचलको कि. नं. ३७४, ३७३, ३७२ र ८९<br><br>**<u>नोट</u>**<br>उपरोक्त कि. न. ८९, ३७४, ३७३, ३७२ मा अवस्थित भवन को उत्तरपट्टिको घर जग्गा कालिमाटी २ (क) को कि. नं. ६३९ र ६४२ | | १–१४–०–३<br><br><br>०–४–०–०<br><br>०–७–१–० | **रु. ५,८५,५४,०००/–** (अक्षरेपी रु. पाँच करोड पचासी लाख चवन्न हजार मात्र)<br><br>**लिलामीमा सम्पत्ति समावेश नगरेको** | सन् ११ फ्रेरब्रुरी २०११ मा कि. नं. ३७४, ३७३, ३७२, ८९, ६३९ र ६४२ को **रु. १६,५५,६६,१३५/–** (अक्षरेपी रु. सोह्र करोड पच्पन्न लाख छैसट्टी हजार एक सय पैत्तीस मात्र ) चलन चल्ती मूल्याङकन भएको । |

| | | | | |
|---|---|---|---|---|
| काठमाण्डौ का.म.न.पा. वडा नं. २२ टेवहाल | कि.नं. ६४७ र कि. नं. ६४८ ( नेपाल एयरलाइन्स भवन न्यूरोडको मेनरोड सँग रहेको ) | ०–०–२–२ ०–२–१–० | रु. २,८८,८२,०००/– (रु. दुई करोड अठासी लाख बयासी हजार मात्र) | सन् ११ फ्रेरब्ररी २०११ मा कि. नं. ६४७ र ६४८ को रु. ८,६५,१९,१४४/– ( अक्षरेपी रु. आठ करोड पैसठी लाख उन्नाइस हजार एक सय चौवालीस मात्र ) चलन चल्ती मूल्याङकन भएको । |

उक्त मिति २०७१/०९/१३ को लिलाम बिक्रीको सूचनामा डाँछीको कि.नं. १५६ (क्षे.फ. ६-३-२-० जग्गा) को मूल्य रु. ३,७३,१२,५००/- र कि.नं. ७० (क्षे.फ. ५-६-३-० जग्गा) को मूल्य रु. ९७,५९,३७५/- गरी जम्मा रु. ४,७०,७१,८७५/– ( अक्षरेपी रु. चार करोड सत्तरी लाख एकत्तर हजार आठ सय पचहत्तर मात्र ) कायम गरिएको छ, जबकी मिति २०५६/११/३० मा (पत्र सं च.नं. ७६८) गा. वि. स. कार्यालय, डाँछीद्वारा रु. १७,००,०००/– ( अक्षरेपी रु. सत्र लाख ) प्रति रोपनी चलन चल्ति मूल्याङकन रहेको भनिएको छ र बोलपत्र आह्वान गर्दा उक्त दुवै जग्गाको मूल्य रु. १८ (अठार) करोड भन्दा बढी नै रहेको छ ।

त्यस्तै न्यूरोड टेवहालका कि.नं. ६४७ र ६४८ को घर जग्गाको जम्मा मूल्य रु. २,८८,८२,०००/– ( अक्षरेपी रु. दुई करोड अठासी लाख बयासी हजार मात्र ) कायम गरिएको छ, जबकी उक्त घर जग्गाको सन् ११ फ्रेरब्ररी २०११ मा नै मूल्य रु. ८,६५,००,०००/– ( अक्षरेपी रु. आठ करोड पैसठ्ठि लाख मात्र ) कायम गरिएको थियो र लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा रु. ८,६५,००,०००/– भन्दा बढी नै रहेको छ ।

त्यस्तै कालीमाटीको कि.नं. ८९, ३७२, ३७३ र ३७४ को घर जग्गाको जम्मा मूल्याङ्कन रु. ५,८५,५४,०००/– ( अक्षरेपी रु. पाँच करोड पचासी लाख चवन्न हजार मात्र ) गरिएको छ, जबकी उक्त घर जग्गाको सन् ११ फ्रेरब्ररी २०११ मा नै मूल्य रु. १६,५५,६६,१३५/– (अक्षरेपी रु. सोह्र करोड पच्पन्न लाख छैसट्‍टी हजार एक सय पैत्तीस मात्र ) कायम गरिएको थियो र लिलाम बिक्रीको सूचना प्रकाशित गदा सो भन्दा बढी नै रहेको छ ।

सोल्टीमोड, कालीमाटी २(क) स्थित कि.नं. ८९, ३७२, ३७३ र ३७४ तथा कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को घर–जग्गाहरु एकै कम्पाउण्डबाल भित्र रहेको छ तथा उत्तर पट्टि रहेको कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को घर–जग्गा भित्रबाट प्रवेश गरेर मात्र कि.नं. ८९, ३७२, ३७३ र ३७४ को घर–जग्गा भित्र प्रवेश गर्न सकिन्छ । मिति २०६८/०५/२६ मा ऋण असुली अधिकृतले धितो सम्पत्तिहरु मूल्याङ्कन गराउँदा कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को घर–जग्गाहरु समेत मुचुल्का गरी प्राविधिक मूल्याङ्कन गराउने उल्लेख गरिएको छ । ऋण असुली अधिकृतले मिति २०७१/०९/१३ को लिलामी सूचनामा उत्तर पट्टि रहेको ५ कित्ताहरु (कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२) सम्पत्ति समावेश नगरेको तथा मूल्याङ्कन नगरेको कार्य त्रुटिपूर्ण छ र साथै घर–जग्गा सम्पत्ति अवमूल्याङ्कन गरेको प्रष्ट छ ।

म निवेदकले मिति २०७१/१०/११ मा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा दर्ता गराएको निवेदनमा उल्लेख भएका तथ्य तथा साथ पेश गरिएका प्रमाण कागजातहरुलाई अध्ययन गर्दा मिति २०७१/०९/१३ मा ऋण असुली न्यायधिकरणबाट प्रकाशित लिलामी सूचनामा सम्पत्तिहरुको अवमूल्याङ्कन गर्नु भएको र साथै एकै कम्पाउण्डबाल भित्र उत्तरपतिर प्रवेशमा रहेको ५ कित्ता सम्पत्ति लिलामीमा समावेश नगरेको तथ्यहरु प्रष्ट हुन्छ ।

**मिति २०७१/०९/१३ मा ऋण असुली न्यायधिकरणबाट प्रकाशित लिलामी सूचनामा उल्लेखित सम्पूर्ण सम्पत्तिहरुको मूल्याङ्कन गर्दा ऋण असुली अधिकृतले मालपोत मूल्याङ्कनलाई समेत अनुशरण नगरेको तथ्य तल उल्लेखित मालपोत कार्यालयको टिप्पणीहरुबाट समेत प्रमाणित हुन्छ :**

- ऋण असुली अधिकृतले कालीमाटीको कि.नं. ८९, ३७२, ३७३ र ३७४ को कित्ताहरुमा रहेको घरको मूल्याङ्कन गराँउदा जम्मा मूल्य रु. १,०२,५४,६००/– मूल्याङ्कन गरेको छ । तर मा. पो. का. कलंकीले दा. खा. सम्बन्धी काम कारवाही अगाडि बढाँउदा रजिष्ट्रेशन प्रयोजनको लागि का. म. न. पा. को कार्यालयले मिति २०७२/०१/०३ को पत्रबाट घर जग्गा कर निर्धारण गर्दा उक्त कित्ताहरुमा रहेको घरको मूल्य रु. १,४५,७९,२८४/– कायम गरेकोले घरलाई ऋण असुली अधिकृतबाट कम मूल्याङ्कन गरी सम्पत्ति अवमूल्याङ्कन गरेको प्रष्ट छ ।

- त्यसै गरी न्यूरोड टेवहालका कि.नं. ६४७ र ६४८ को घरलाई ऋण असुली अधिकृतले मूल्याङ्कन गराँउदा जम्मा मूल्य रु. १,३२,०००/– मूल्य कायम गरेकोमा रजिष्ट्रेशन प्रयोजनको लागि का. म. न. पा. ले मिति २०७२/०१/०३ मा मा. पो. का. लाई मूल्याङ्कन गरी पठाँउदा घरको रु. ५,६७,९२८/– मूल्य कायम गरेको छ । जसले ऋण असुली अधिकृतबाट कम मूल्याङ्कन गरी सम्पत्ति अवमूल्याङ्कन गरेको प्रष्ट हुन्छ ।

- मा. पो. का. साँखुले डाँछीको कि.नं. १५६ (क्षे.फ. ६-३-२-० जग्गा) र कि.नं. ७० (क्षे.फ. ५-६-३-० जग्गा) को दा. खा.का लागि मिति २०७२/०१/२७ मा उठाएको टिप्पणीबाट ऋण असुली अधिकृतले गरेको मूल्याङ्कन रु. ४,७०,७१,८७५/– लाई अस्वीकार गरी रजिष्ट्रेशन प्रयोजनको लागि दुवै कित्ता जग्गाको जम्मा मूल्य रु. ५,५८,७५,०००/– कायम गरेकोले सम्पत्ति अवमूल्याङ्कन भएको आफै प्रष्ट देखिन्छ ।

**रजिष्ट्रेशन दस्तुर प्रयोजनको लागि मालपोतले गरेको मूल्याङ्कन बजार भाउ भन्दा ज्याद कम हुने भएकोले सो मूल्याङनलाई कर्जा असुलीका सम्बन्धमा आधार बनाउन नमिल्ने भएतापनि ऋण असुली अधिकृतले उक्त मालपोत मूल्याङ्कनलाई समेत अनुशरण गर्नु भएको छैन । ऋण असुली अधिकृतले गरेको मूल्याङ्कन भन्दा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि गरिएको मूल्याङ्कन बढी भएकोले धितो सम्पत्ति अवमूल्याङ्कन गरेको प्रष्ट छ ।**

लिलाम बिक्री भन्नाले धितोमा रहेको सम्पूर्ण सम्पत्तिको प्रचलित बजार भाउ अनुसार न्यायोचित मूल्याङ्कन गरी लिलाम बिक्री गर्नुपर्ने अनिवार्य अवस्था बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ मा प्रष्ट गरिएको छ ।

**ऋण असुली न्यायधिकरण समेतबाट भए गरिएका थप गैरकानूनी काम कारवाहीका व्यहोराहरु निम्न लिखित बुदाँहरु मार्फत जानकारी गराउन चाहन्छु :–**

- **सकार गर्ने व्यक्तिसँग मिलोमतो गरी खरीदकर्तालाई घर जग्गालाई कम मूल्यमा बिक्री गर्न सकियोस् भनी एकै कम्पाउण्डबालभित्रको ५ कित्ता (कि.नं. ६३५, ६३८ ६३९, ६४१ र ६४२) घर जग्गा समावेश नगरी नियमावली विपरीत र त्रुटिपूर्ण बोलपत्र आह्वान गरेको**

ऋण असुली अधिकृतले मिति २०७१/०९/१३ को लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा सोल्टीमोड, वाफलको ५ कित्ता (कि.नं. ६३५, ६३८ ६३९, ६४१ र ६४२ को) जग्गा अर्थात् जम्मा क्षे.फ. ०-१५-७-१ को जग्गालाई लिलाममा समावेश नगरेको र कुनै मूल्याङ्कन समेत नगरेको कार्य त्रुटिपूर्ण छ ।

- सम्मानित न्यायधिकरणको फैसलामा सो कि.नं. ६३५, ६३८ ६३९, ६४१ र ६४२ को जग्गा समेतबाट बैंकको साँवा ब्याज रकम असुल उपर गर्नुपर्ने भनी ठहर गरेको अवस्था छ र सो जग्गालाई लिलाममा समावेश नगर्नु सम्मानित न्यायधिकरणको फैसला विपरित हुन गएको प्रष्टै हुन्छ ।

- माथि उल्लेखित ५ कित्ता जग्गालाई स्वयं सम्मानित न्यायधिकरणको फैसला विपरीत लिलाममा समाहित नगर्नु पर्ने कुनै आधार र कारण छैन तथा ऋण असुली अधिकृतले पनि कुनै मनासिव कारण उल्लेख गर्न सक्नु भएको छैन ।

- बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ बमोजिम धितो राखिएको तथा रोक्का गरिएको सम्पूर्ण सम्पत्तिबाट लिलाम कारवाही गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्थालाई अनुशरण गर्दै ऋण असुली न्यायाधिकरणका ऋण असुली अधिकृतले मिति २०६८/०२/०१ को पत्रबाट सम्पत्तिको मूल्याङ्कन गरी लिलामी गर्ने प्रयोजनको लागि कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को जग्गा रोक्का राख्ने गरी मा.पो.का., कलंकीका नाउँमा पत्र जारी गरिएको अवस्था छ । अर्थात् ऋण असुली न्यायाधिकरणका अधिकृत आफैले उक्त सम्पत्तिबाट लिलाम गर्नुपर्ने भनी पुनः रोक्का राखिएको अवस्थामा पछि गएर उक्त सम्पत्तिलाई कुनै मूल्याङ्कन नगरी, लिलाममा नचढाएको कार्य आफैमा गैह्र कानुनी र त्रुटिपूर्ण रहेको प्रष्ट हुन्छ ।

- साविक कित्ताबाट कित्ता काट भई म निवेदकको नाउँमा दर्ता रहेको का.जि.का.म.न.पा. वडा नं. २ क. वाफल मा दुई वटा घरहरु छन् जसमध्ये कि.नं. ६४२ मा २ तल्ले र कि.नं. ६३९ मा १ तल्ले घर छ । उक्त पाँचै कित्ता जग्गा र घर तथा का.जि.का.म.न.पा. वडा नं. २ क. वाफल स्थित कि.नं. ८९ को क्षे.फ. ०-९-३-०, ऐ.ऐ. कि.नं. ३७२ को क्षे.फ. ०-८-०-०, ऐ.ऐ. कि.नं. ३७३ को क्षे.फ. ०-६-२-० र ऐ.ऐ. कि.नं. ३७४ को क्षे.फ. १-०-०-० सो जग्गाहरुमा बनेको पक्की घरहरु समेत एकै कम्पाउण्डवाल भित्रको रहेको छ । जस मध्ये कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ घर जग्गाको भित्रबाट प्रवेश गरेर मात्र कि.नं. ८९, ३७२, ३७३, ३७४ को घर जग्गामा प्रवेश गर्न सकिन्छ ।

**ऋण असुली अधिकृतले कि.नं. ८९, ३७२, ३७३, ३७४ को घर जग्गालाई कम मूल्यमा बिक्री गर्न सकियोस् र सकार गर्ने व्यक्तिसँग मिलोमतो गरी कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ सितैमा प्रयोग गर्न दिन सकियोस् भन्ने दुषित मनसायबाट नै उक्त कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को जग्गालाई लिलामीमा समाहित नगरेको प्रष्ट हुन्छ । साथै कि.नं. ८९, ३७२, ३७३, ३७४ को घर जग्गालाई अवमूल्याङ्कन गरेको तथ्य पनि प्रष्ट हुन्छ ।**

- कि.नं. ८९ समेतको घर जग्गा सकार गर्ने व्यक्तिहरुसँग मिलोमतो गरी कि.नं. ६३५ समेतको घर जग्गालाई सितैमा प्रयोग गर्न दिन सकियोस र सो वापत आफुले अनुचित लाभ उठाउन सकियोस् भन्ने मनसायले नै ऋण असुली अधिकृतले उक्त कि.नं. ६३५ समेतका जम्मा ०-१५-८-१ जग्गा र घरलाई लिलामीमा सहभागी नगराइएको कार्य स्पष्ट त्रुटिपूर्ण छ ।

- <u>बाटो नभएको भनी जग्गालाई अवमूल्याङ्कन</u>

- जिल्ला काठमाडौं डाँछी गा.वि.स. वडा नं. ९(ख) को कि.नं. ७० को क्षे.फ. ५-६-३-० जग्गालाई **बाटो नभएको भनी** प्रति रोपनी रु. अठार लाख (प्रति आना रु. १,१२,५००/–) कायम गर्ने गरी मिति २०७१/०५/२७ मा मुचुल्का खडा गरिएको छ । ऐ.ऐ. कि.नं. १५६ को क्षे.फ. ६-३-२-० को जग्गालाई प्रतिआना रु. ३,७५,०००/– ( रु. तीन लाख पचहत्तर हजार मात्र) कायम गरिएको छ ।

- नापी नक्सा, तत्कालिन गा.वि.स.को कार्यालय डाँछीको २०५६/११/२० को पत्रका साथै तत्कालिन डाँछी गा.वि.स. हाल कागेश्वरी मनहरा न.पा.ले मिति २०७१/१२/१७ मा चार किल्ला प्रमाणितमा मोटर बाटो रहेको भनी स्पष्ट उल्लेख गरेको छ ।

- साथै कि.नं. ७० को हकमा ऋण असुली अधिकृतले मिति २०६८/०५/२६ मा मूल्याङ्कन गर्दा उक्त जग्गामा बाटो रहेको भनी आफैले उल्लेख गर्नु भएको छ । अर्थात् कि.नं. ७० को जग्गामा बाटो रहेको तथ्य प्रमाणित भई रहेको अवस्थामा उक्त जग्गामा बाटो छैन भनी प्रति रोपनी रु.१८,००,०००/– मात्र ( अक्षरेपी रु. अठार लाख मात्र ) कायम गरी जग्गालाई अवमूल्याङ्कन गरेको प्रष्ट देखिन्छ ।

- आ.व. ०७०/७१ का लागि काठमाडों जिल्ला डाँछी गा.वि.स. हाल कागेश्वरी मनहरा नगरपालिकाको गोरेटो बाटो भएको जग्गा प्रति आना रु. १,५०,०००/– ( अक्षरेपी रु. एक लाख पचास हजार मात्र ) कायम छ भने कच्ची मोटरबाटो भएको जग्गा प्रति आना रु. ३,००,०००/– ( अक्षरेपी रु. तीन लाख मात्र ) कायम छ । अर्थात् मालपोतको मूल्याङ्कनलाई आधार मान्ने हो भने पनि कि.नं. ७० को क्षे.फ. ५-६-३-० जग्गा ऋण असुली अधिकृतले गरेको मूल्याङ्कन भन्दा धेरै बढी प्रति रोपनी रु. ४८,००,०००/– ( अक्षरेपी रु. अडचालीस लाख मात्र ) नै पर्न आउँछ ।

- काठमाडों जिल्ला डाँछी मा.पो.का. साँखुले दा.खा.का लागि मिति २०७२/०१/२७ मा उठाएको टिप्पणीबाट ऋण असुली अधिकृतले गरेको मूल्याङ्कनलाई अस्वीकार गरी रजिष्ट्रेशन दस्तुर प्रयोजनको लागि दुवै कित्ता जग्गा अर्थात् कि.नं. ७० र १५६ को जग्गामा मोटर बाटो छ भनी जम्मा मूल्य रु. ५,५८,७५,०००/- (अक्षरेपी रु. पाँच करोड अन्ठाउन्न लाख पचहत्तर हजार मात्र) मा.पो.का. साँखुले

कायम गरेको छ । जबकि ऋण असुली न्यायधिकरणले मिति २०७१/०९/१३ को लिलाम बिक्रीको सूचनामा रु. ४,७०,७१,८७५/– (अक्षरेपी रु. चार करोड सत्तरी लाख एकत्तर हजार आठ सय पचहत्तर मात्र) मूल्य मात्र कायम गरिएको छ ।

**रजिष्ट्रेशन दस्तुर प्रयोजनको लागि मालपोतले गरेको मूल्याङ्कन बजार भाउ भन्दा ज्याद कम हुने भएकोले सो मूल्याङ्कनलाई कर्जा असुलीका सम्बन्धमा आधार बनाउन नमिल्ने । ऋण असुली अधिकृतले उक्त मालपोत रजिष्ट्रेशन मूल्याङ्कनलाई समेत अनुशरण गर्नु भएको छैन ।**

यसरी काठमाडौं जिल्ला डाँछी गा.वि.स. अर्थात् कागेश्वरी मनहरा नगरपालिका डाछी ९(ख) कि.नं. ७० (क्षे.फ. ५–६–३–०) र कि.नं. १५६ (क्षे.फ. ६–३–२–०) को जग्गालाई अवमूल्याङ्कन गरेको तथ्य पनि प्रष्ट हुन्छ ।

## ■ <u>प्राविधिक मूल्याङ्कन (Technical Valuation)</u>

- म निवेदकले फ्रेवुअरी २०११ मा प्राविधिक मूल्याङ्कन कर्ताबाट धितोको सम्पत्तिलाई गरेको मूल्याङ्कनको रकम भन्दा ऋण असुली अधिकृतले गरेको मूल्याङ्कन रकममा जमिन आसमानको फरक छ । र सो प्राविधिक मूल्याङ्कनको प्रतिलिपि मिति २०७१/१०/११ निवेदनसाथ श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिमा संलग्न गरिसकेको छु ।

- ऋण असुली अधिकृतको अध्यक्षतामा लिलाम बिक्री प्रयोजनको लागि मिति २०७१/०५/२७ गते बसेको मूल्याङ्कन समितिको बैठकको निर्णयको प्रमाणित प्रतिलिपी मिति २०७१/१०/१८ मा प्राप्त गरेको छु । उक्त प्रतिलिपी अध्ययन गर्दा धितोमा रहेको घर समेतको मूल्याङ्कनको हकमा प्राविधिकबाट मूल्याङ्कन गराउने भन्ने उल्लेख गरिएको छ । मलाई उपलब्ध गराइएको प्रतिलिपिबाट घरको हकमा प्राविधिक मूल्याङ्कन गरिएको तथ्य खुल्दैन ।

- प्राविधिक मूल्याङ्कन नै नगराईकन ऋण असुली अधिकृत आफैले अनुमानित रुपमा लिलाम सूचनामा ज्यादै न्यून मूल्य कायम गरिएको हुँदा उक्त कार्य कानून प्रतिकुल रहे भएको प्रमाणित हुन्छ ।

## ■ <u>बोलपत्र दाखिला समेतका त्रुटिहरु</u>

- मिति २०७१/१०/१८ गते नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत ४ जनाले टेण्डर फारम पाउँ भन्ने संयुक्त दरखास्त निवेदन पत्र ।

- नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत ४ (चार) ले संयुक्त रुपमा रु. १३,५०,००,०००/– ( अक्षरेपी रु. तेह्र करोड पचास लाख मात्र ) मूल्य कवुल गरी मिति २०७१/१०/१८ मा बोलपत्र पेश गर्नु भएको ।

- बोलपत्र साथ कवुल गरेको अंकको १० प्रतिशत रकम मिति २०७१/१०/१८ मा जम्मा हुनुपर्नेमा बोलपत्र खरिदकर्ताहरुले मिति २०७१/१०/१९ गतेमा आएर दाखिला गरेको ।

- मिति २०७१/१०/१९ मा ऋण असुली न्यायाधिकरणबाट बोलपत्र खोल्नका लागि मुचुल्का खडा गरिएको र सोही दिन प्रतिनिधिहरुको रोहवरमा खोलिएको ।

- नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत ४ (चार) जनाले संयुक्त रुपमा रू. १३,५०,००,०००/- को मूल्य कवुल गरेतापनि १० प्रतिशत रकम ( अक्षरेपी रु. एक करोड पैत्तीस लाख ) **तीन जनाले मात्र** मिति २०७१/१०/१९ मा भौचर नं. ६७१३० बाट श्रीमती संगिताले रु. २१,००,०००/– ( अक्षरेपी रु. एक्काईस लाख मात्र) , भौचर नं. ६६४३२ बाट श्रीमती सुमित्राले रु. ५०,००,०००/– (अक्षरेपी रु. पचास लाख मात्र ) र भौचर नं. ६६४३७ बाट नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.ले ६५,००,०००/– (अक्षरेपी रु. पैसठी लाख मात्र ) दाखिला गर्नु भएको ।

- ऋण असुली अधिकृतले मिति २०७१/१०/२२ को निर्णयबाट नेपाल स्वास्थ्य सेवा सहकारी संस्था समेत जना ४ को नाउँमा बोलपत्र स्विकृत गरी बाँकी रकम १५ दिन भित्र दाखिला गर्न लगाउने व्यहोराको आदेश भएको तर १५ दिन नाघेको धेरै दिनपछि मात्र मिति २०७१/११/१७ मा भौचर नं. ६८२८१ बाट नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.ले रु. ५,००,००,०००/–, मिति २०७१।११।२० मा भौचर नं. ६७२७४ बाट श्रीमती संगिता र श्रीमती गिताले रु. १,२४,००,०००/– सोही मितिको भौचर नं. ६७२७० बाट ऐ.ऐ. ले २,५०,००,०००/–, मिति २०७१/११/२२ मा भौचर नं. ६७२७६ बाट ऐ.ऐ. ले १,१७,५६,०००/–, मिति २०७१।११।२२ मा भौचर नं. ६७२८० बाट श्रीमती सुमित्राले रु. ४,२२,४४,१९९/–, रकम दाखिला गरेको समेतका तथ्यहरु हेर्दा लिलामी खारेज हुनुपर्ने प्रस्ट देखिन्छ ।

- संयुक्त रूपमा धरौटी रकम दाखिला गर्ने तीनजना र धरौटी नै दाखिला नगर्ने श्रीमती गीता समेतलाई रकम दाखिला गर्न भनी यस न्यायधिकरणबाट दिएको पत्र र लिलाम सदर गर्ने गरेको निर्णय त्रुटिपूर्ण रहेको छ ।

- लिलामी सूचनाको शर्त नं. ४ मा बोलपत्र साथ कवुल गरेको अंकको १० प्रतिशत रकम जम्मा गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा बोलपत्र दाताहरुले उक्त १० प्रतिशत रकम मिति २०७१/१०/१९ मा मात्र दाखिला गर्नु भएकोले बोलपत्र नै अस्वीकृत हुने अवस्थामा रहेको प्रष्ट हुन्छ । संयुक्त रुपमा बोलपत्र पेश गरेको भएतापनि १० प्रतिशत रकम तीन जनाले मात्र जम्मा गर्नु, १५ दिनको म्याद नघाई पछि गएर मात्र थप ९० प्रतिशत रकम जम्मा गर्नु इत्यादी विभिन्न गैर कानूनी तथा त्रुटिपूर्ण कार्य भए गरेको प्रष्ट हुन्छ ।

- बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २९(२ ख) मा लिलाम बिक्री गर्दा स्थानीय प्रशासनको प्रतिनिधि र कम्तीमा २ जना स्थानीय व्यक्तिको रोहबरमा सम्पत्ति लिलाम गर्नुपर्ने व्यवस्था गरिएकोमा ऋण असुली अधिकृतले मिति २०७१/१०/२२ को एकल लिखित निर्णयबाट मात्र लिलाम बिक्री गर्ने कार्य भएको हुँदा सो कार्य ऐ. नियमावलीको नियम २९ (२ ख) विपरित रहेकोले लिलाम सम्बन्धी कार्य पूर्ण रुपमा बदर योग्य रहेको प्रष्ट हुन्छ ।

## ■ ऋण असुली न्यायधिकरण/अधिकृतबाट भए गरिएका त्रुटिहरु र थप गैरकानूनी काम कारवाही

- ऋण असुली अधिकृतबाट भएको फैसला कार्यान्वयनको प्रकृयामा म निवेदकलाई कुनै तारेखमा राखिएको छैन । मूल्याङ्कन गरिएको तथ्यका सम्बन्धमा पनि कुनै रुपबाट मलाई जानकारी गराइएको छैन ।

- लिलाम बिक्री भन्नाले धितोमा रहेको सम्पूर्ण सम्पत्तिको प्रचलित बजार भाउ अनुसार न्यायोचित मूल्याङ्कन गरी लिलाम बिक्री गर्नु पर्ने अनिवार्य अवस्था बैंक तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ मा प्रष्ट गरिएको छ ।
  सम्पूर्ण सम्पत्तिलाई ऋण असुली अधिकृतले अवमूल्याँकित गर्नु भएको प्रष्ट हुँदा–हुँदै पनि सो तर्फ ऋण असुली न्यायाधिकरणले प्रवेश नै नगरी गरेको आदेश स्पष्ट रुपमा त्रुटिपूर्ण छ ।

- ऋण असुली न्यायाधिकरणबाट फैसला हुंदा फैसलाको प्रकरण नं. ९ मा सोल्टीमोड, वाफलको कि.नं. ६३५, ६३८, ६३९, ६४१ र ६४२ को घर–जग्गाबाट समेत बैंकको लेना रकम भराई दिनु भनी फैसला भएको छ । अर्थात् फैसलाले पनि उक्त ५ कित्ता घर–जग्गा अर्थात् जम्मा क्षे.फ. ०-१५-७-१ को घर–जग्गाबाट बैंकको साँवा ब्याज रकम असुल उपर गर्नुपर्ने भनी ठहर गरेको अवस्था छ ।

  ऋण असुली अधिकृतले मिति २०७१/०९/१३ को लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा उक्त ५ कित्ता घर– जग्गालाई लिलाममा नचढाएको र कुनै मूल्याङ्कन समेत नगरेको कार्य ऋण असुली न्यायाधिकरणको आफ्नै फैसला विपरित हुन गएको अवस्थामा समेत उक्त लिलामी मुचुल्का तथा सूचनालाई बदर नगरिएको कार्य कानून प्रतिकुल रहे भएको प्रष्टै हुन्छ ।

- मिति २०७१/०९/१३ मा श्री ऋण असुली अध्यक्ष र सदस्यहरुको पद रिक्त भएको समय ऋण असुली अधिकृतबाट खरीदकर्तासँग मिलोमतोमा त्रुटिपूर्ण र सम्पूर्ण सम्पत्तिहरु अवमूल्याङकन गरी लिलामी निकाल्ने कार्य गरिएको स्पष्ट देखिन्छ ।

- मिति २०७१/०९/१३ को लिलामी बोलपत्र अन्तर्गत pt. 11 मा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार श्री ऋण असुली न्यायाधिकरणमा सुरक्षित हुदाँहदैं पनि मिति २०७१/१०/१३ मा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट लिलामी रोक्न श्री ऋण असुली न्यायाधिकरणलाई जारी भएको पत्रको पूर्ण रुपमा अवहेलना गरेको स्पष्ट देखिन्छ ।

**म निवेदकले मिति २०७१/१२/०५ मा पुनरावेदन न्यायाधिकरणबाट आवश्यक कागजातको नक्कल सारी हेर्दा विपक्षी लिलाम सकार गर्ने व्यक्ति र ऋण असुली अधिकृतको आपसी मिलोमतो र साँठगाँठमा गैर कानूनी काम कारवाहीलाई निरन्तरता दिएको प्रष्ट देखिन्छ ।**

खरीदकर्ता मध्येकाका एक नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. ले सकार गरेको जग्गामा मुद्दाहरु हुदाँ–हुदैं बैंक समक्ष गैर कानूनी रुपमा धितो राखी कर्जा उपभोग गरेको तथ्य मौखिक रुपमा सुन्न आए पश्चात मालपोत कार्यालय कलंकीमा गई विभिन्न कागजातहरुको नक्कल मिति २०७२/१२/१७ मा सारी हेर्दा नेपाल स्वास्थ्य सेवा सकारी संस्था लि. को संचालक समितिले मिति २०७२/०१/२८ मा बैंकहरुसँग ( नेपाल इन्भेष्टमेन्ट बैंक लि., एन आई डि.सी. डेभलपमेण्ट बैंक लि., कुमारी बैंक लि, एस डेभलपमेण्ट बैंक लि, सिभिल बैंक लि., नेपाल क्रेडिड एण्ड कमर्स बैंक लि., नेपाल बंगलादेश बैंक लि., प्रुडेन्सियल फाइनान्स लि ) सहवित्तियकरण कर्जा लिने र उक्त कर्जाको लागि हाल कायम भएको कि.नं. २१४ र ३० समेतको जग्गा बैंकमा धितो राख्ने निर्णय गरी, मिति २०७२/०१/२९ मा लिखत तयार गरी बैंकहरुले मा.पो.का. कलंकीबाट मिति २०७२/०१/३१ मा कर्जा कारोबारको निमित्त दृष्टि बन्धक लिखत पास गर्ने गराउने गैर कानूनी काम कारवाही गरेको तथ्य अवगत हुन आएको थियो ।

श्रीमान् अध्यक्षज्यू, नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. ले लगभग रु. ५(पाँच) करोड पचासी लाखमा मात्र बोलपत्र मार्फत खरीद गरेको उक्त सोल्टीमोड, वाफलको घर–जग्गाबाट लाई धितोमा राखी रु. १,५२,४८,०५,६०२/– (अक्षरेपी रु. एक अर्ब बाउन्न करोड अठचालिस लाख पाँच हजार छ सय दुई मात्र) कर्जा प्राप्त गरेको तथ्य पछि मिति २०७२/१२/१७ मा कलंकी मालपोतको मिति २०७२/०१/३१ को तमसुक र. नं. ५५(ग) बाट थाहा पाएको जानकारी गराउन चाहन्छु ।

उद्योगीको कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं तथा उद्योगले पटक– पटक आग्रह गर्दा पनि स्विकृत सिमा 'लिमिट' भित्र कारोबार गराउनु सट्टा उद्योगको विभिन्न बहुमूल्य सम्पत्तिहरु मिलोमतोमा अति न्यून मूल्य (पुर्नमूल्याङ्कन समेत नगरी तथा मालपोत रजिष्ट्रेशन मूल्याङ्कनलाई समेत अनुशरण नगरेको) मा बिक्री गरी रा. बा. बैंकले हाल सावाँ कर्जा रु. १०,९०,४३,२६१/८८ ( रु. दस करोड नब्बे लाख त्रिचालीस हजार दुई सय इकसठ्ठी र पैसा अठ्ठासी) र ब्याज लगभग रु. २,६०,००,००,०००/– (रु. दुई अर्ब साठ्ठी करोड) बाँकी देखाएर उद्योगमाथि भए गरिएको अन्याय माथि थप अन्याय गरेको छ ।
विस्तृत विवरण Index बाट प्रस्तुत गर्दछु ।

| | | |
|---|---|---|
| **सावाँ** | रु. २८,९६,५४,२६१/८८ | बैंकले आफै सिर्जना गरेको ऋण ( अक्षरेपी रु. अठ्ठाईस करोड छियानब्बे लाख चौबन्न हजार दुई सय इकसठ्ठी र पैसा अठ्ठासी ) |
| Less | रु. ४,२२,१०,०००/-<br>(अक्षरेपी रु. चार करोड बाइस लाख दश हजार मात्र) | कि.नं. २६६, २६७ र २६८ को घर जग्गा मिति २०६२/०३/१७ मा बोलपत्रबाट बिक्री भएको जनाएको छ जुन पुरै असत्य हो ।<br><br>त्यसबेला उपरोक्त रु. १६ करोड भन्दा बढीको सम्पत्ति घर जग्गालाई बैंकले गैह्र कानूनी रुपले दुरासयुक्त भावना राखी ऋण उठाउने नाममा बोलपत्र आह्वान अगावै रा. बा. बैंक काठमाडौं शाखा कार्यालयको सञ्चालक समितिको मिति २०६२/०२/२२ (5th June 2005 ) को बैठकमा गोप्य सेटिङ गरी बोलपत्र आह्वान गर्ने निर्णय गरेको । त्यहीँ अनुसार रा. बा. बैंक केन्द्रिय कार्यालयले बोलपत्रको शर्त विपरीत गोप्य |

| | | |
|---|---|---|
| | | सम्झौता अन्तर्गत 19 July 2005 (मिति २०६२/०४/०४) मा बोलपत्र स्वीकृत गर्ने निर्णय गरेको र मिति २०६२/०४/०७ (22nd July 2005) को रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिको बैठक नं. १३९५ मा रु. ४,२२,१०,०००/– (अक्षरेपी रु. चार करोड बाइस लाख दश हजार मात्र) बोलपत्र स्वीकृत गरेको ।<br>रा. बा. बैंक काठमाडौं शाखा कार्यालयको सञ्चालक समितिको मिति २०६२/०२/२२ (5th June 2005 ) को बैठक तथा केन्द्रिय कार्यालयको 19th July 2005 (मिति २०६२/०४/०४) मा बोलपत्रको शर्तहरु उल्लंघन गर्दै भएको गोप्य सम्झौता सहित मिति २०६२/०४/०७ (22nd July 2005) को रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिको बैठक नं. १३९५ मा **उक्त सम्पत्ति सम्बन्धमा के–के निर्णय भएको छानबिन गरी कारवाही गर्नु अत्यन्त आवश्यक रहेको** जानकारी गराउन चाहन्छु ।<br>बोलपत्रको शर्त नं. ४ बमोजिम साथ राख्नुपर्ने १० प्रतिशत रकम मिति २०६२/०३/२४ भित्र राख्नु पर्ने तर सो रकम रु.४२,२१,०००/- मिति २०६२/०४/१७ मा रा.बा. बैंकमा बुझाएको देखिन्छ ।<br>लीलामीको बाँकी रहेको ९०% (नब्बे प्रतिशत) रकम जम्मा हुनु अगाडि नै मिति २०६२/०५/२२ पत्र सं. ४५७ मा उल्लेख रु. ५८,००,०००/– (अक्षरेपी रु. अन्ठाउन्न लाख मात्र) को चेकको आधारमा मालपोत कार्यालयले रा.बा. बैंकका कर्मचारीहरुको मिलोमतोमा सर्भिङ्ग माईण्डस प्रा.लि. को नाममा सम्पत्ति नामसारी दाखिल खारिज गरेको र सोही सम्पत्तिमाथि स्वयं रा. बा. बैंकले मिति २०६२/०६/०६ मा रेजिष्ट्रेशन नं. ३५२७ बाट मालपोत कार्यालय कलंकीमा पुनः दृष्टिबन्धक गरी सर्भिङ्ग माईण्डस प्रा.लि.लाई बोलकबोल रकमको लगभग शत प्रतिशत रु. ४ (चार) करोड कर्जा ५ वर्ष ६ महिनाको लागि क्रमिक ब्याजदर घट्दै जाने सर्तमा ८.५% ब्याज दरमा जारी गरेको ।<br><br>मिति २०६२/०६/०६ मा रा.बा. बैंकबाट सोही सम्पत्तिमाथि ऋृण जारी भएपछि मात्र बाँकी रहेको ९०% (नब्बे प्रतिशत) रकम रु. ३,७९,८९,०००/– ( अक्षरेपी रु. तीन करोड उन्नासी लाख उन्नानब्बे हजार) निम्न बमोजिम जम्मा भएको रा.बा. बैंक काठमाण्डौ शाखाको मिति २०६२।०६।१६ को निर्णय नं २१/४१ को पत्रबाट पुष्टि हुन्छ । |

| | | |
|---|---|---|
| | | मिति २०६२/०३/१७ मा लिलामी निकालिएपछि म उद्योगीले धेरैपटक रा. बा. बैंकसित सम्पर्क गर्न प्रयास गरेको थिए तर रा. बा. बैंकले बेवास्ता गरेपछि मैले बाध्य भई मिति २०६२/०३/२८ मा गोरखापत्रको मुख्य पृष्ठमा सार्वजनिक सूचना मार्फत उद्योगको साबिक बमोजिम स्विकृत सिमा भित्रको कारोवार खोलिदिएको खण्डमा उद्योगले रु. तेत्तीस करोड भित्रैको चल्ती साँवा ऋण रु. २८,९६,५४,२६१/८८ (अक्षरेपी रु. अठ्ठाईस करोड छयानब्बे लाख चौबन्न हजार दुई सय एक्सठ्ठी रुपैया अठ्ठासी पैसा मात्र) तिर्न तैयार रहेको छ भनी जानकारी दिदैं विज्ञप्ति प्रकाशित गरेको समेतलाई रा.बा. बैंकको मिति २०६२/०४/०४ र मिति २०६२/०४/०७ को बोर्ड बैठकले बेवास्ता गरेको थियो ।<br><br>उद्योगको कि.नं. २६६, २६७ र २६८ को सम्पत्ति बैंकका कर्मचारीहरुले बोलपत्रको नाममा मिलोमतो गरी हिनामिना गरेको छ । |
| बाँकी | रु. २४,७४,४४,२६१/८८ ( रु. चौबीस करोड चौहत्तर लाख चबालीस हजार दुई सय इकसठ्ठी र पैसा अठ्ठासी ) | -----------------------------x--------------------------- |
| Less | रु.४७,५१,०००/- (रु. सैतालीस लाख एक्काउन हजार मात्र) | उद्योग परिसरको तीनवटै भवनहरुमा रहेको मेसिनरी एनसिसि बैंकलाई धितो (सुरक्षण) राखिएको थियो । तर ती मध्ये कित्ता नं. २६६, २६७ र २६८ को भवन नम्बर (१) मेन विल्डीङ्ग , भवन नम्बर (२) ब्रान्च हल मा रहेको मेसिनरीलाई रा.बा. बैंकले अवैधानिक तरिकाले कब्जामा लिई मिति २०६२/०१/०१ मा मेसिनरीको लिलामी निकालेको थियो । कित्ता नं. २६६, २६७ र २६८ को घर जग्गा (१) मेन विल्डीङ्ग र (२) ब्रान्च हल कब्जा गर्ने र गैरकानूनी रुपले सो घर जग्गा हस्तानतरण गर्ने बदनियतका साथ सो कित्तामा अवस्थित भवनहरु नं. १) Main Building र भवन नं.२) Branch Hall भित्र रहेको रु. ४,०३,२१,०५४/- (रु. चार करोड तीन लाख एक्काईस हजार चौबन्न रुपैया ) मूल्य पर्ने मेसिनरीलाई समेत रा.बा. बैंकले गैरकानुनी तवरले कब्जामा लिई बिक्री गरेको जानकारी गराउन चाहन्छु । |

| | | |
|---|---|---|
| | | **नोट** : अधिकार नभएको कब्जा गरिएको रु. ४,०३,२१,०५४/- को मेसिनरीलाई अति न्यून मूल्य रु.४७,५१,०००/- (रु. सैतालीस लाख एक्काउन हजार मात्र) मा रा.बा. बैंकका कर्मचारीहरुले मेसिनरी सम्पत्तिलाई अति न्यून मूल्यमा बिक्री गरेको छ। |
| बाँकी | रु. २४,२६,९३,२६१/८८ ( रु. चौबीस करोड छब्बीस लाख तीरानब्बे हजार दुई सय इकसट्ठी र पैसा अट्ठासी ) | -----------------------------x--------------------------- |
| Less | रु. १३,३६,५०,०००/- ( रु. तेह्र करोड छत्तीस लाख पचास हजार ) | मिति २०७१/०९/१३ मा को लिलाम बिक्रीको सूचनामा डाँछीको कि.नं. १५६ (क्षे.फ. ६-३-२-० जग्गा) को मूल्य रु. ३,७३,१२,५००/- र कि.नं. ७० (क्षे.फ. ५-६-३-० जग्गा) को मूल्य रु. ९७,५९,३७५/- गरी जम्मा रु. ४,७०,७१,८७५/– (अक्षरेपी रु. चार करोड सत्तरी लाख एकत्तर हजार आठ सय पचहत्तर मात्र) कायम गरिएको छ, जबकी उक्त दुवै जग्गाको हालको मूल्य रु. १८ करोड भन्दा बढी नै रहेको छ।<br><br>त्यस्तै न्यूरोड टेवहालका कि.नं. ६४७ र ६४८ को घर जग्गाको जम्मा मूल्य रु. २,८८,८२,०००/– ( अक्षरेपी रु. दुई करोड अठासी लाख बयासी हजार मात्र ) कायम गरिएको छ, जबकी उक्त घर जगगाको मूल्य रु. ८,६५,००,०००/– ( अक्षरेपी रु. आठ करोड पैसट्ठि लाख मात्र ) भन्दा बढी नै रहेको छ।<br><br>त्यस्तै कालीमाटी सोल्टीमोड (बाफल) को कि.नं. ८९, ३७२, ३७३ र ३७४ को घर जग्गाको जम्मा मूल्याङ्कन रु. ५,८५,५४,०००/– ( अक्षरेपी रु. पाँच करोड पचासी लाख चवन्न हजार मात्र ) गरिएको छ, जबकी उक्त घर जगगाको मूल्य रु. १६,५५,६६,१३५/– (अक्षरेपी रु. सोह्र करोड पच्पन्न लाख छैसट्टी हजार एक सय पैत्तीस मात्र ) भन्दा बढी नै रहेको छ।<br><br>उक्त जग्गामा ४० हजार sq. ft. मा ५ तल्ले भवन पूरै मार्बलबाट निर्मित भएको छ र ठूलो लिफ्ट समेतको सुविधा रहेको छ। |

| | | |
|---|---|---|
| | | **नोट** : उपरोक्त लिलामीमा कि. न. ८९, ३७४, ३७३ र ३७२ मा अवस्थित भवन को उत्तरपट्टिको घर जग्गा कालिमाटी २ (क) को कि. नं. ६३९ (०–४–०–०) र ६४२ (०–७–१–०) को सम्पत्ति समावेश समेत गरेको छैन ।<br><br>उपरोक्त रु. ४३,००,००,०००/– ( अक्षरेपी रु. त्रिचालीस करोड ) भन्दा बढी पर्ने घरजग्गा सम्पत्तिलाई एकदमै न्यून मूल्य ( मालपोत रेजिष्ट्रेशन मूल्य समेत अनुशरण नगरी ) रु. १३,४५,०७,८७५/– अक्षरेपी रु. तेह्र करोड पैत्तालीस लाख सात हजार आठ सय पचहत्तर मात्र) कायम गरी **त्रुटिपूर्ण** लिलाम बिक्रीको सूचना प्रकाशित गरिएकोमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट लिलामी रोक्न आदेश हुदाँ–हुँदै पनि सोको विपरित गई लिलामी प्रकृया अगाडि बढाई गैरकानूनी कार्यहरुलाई निरन्तरता दिएको छ । |
| बाँकी | रु. १०,९०,४३,२६१/८८ (रु. दस करोड नब्बे लाख त्रिचालीस हजार दुई सय इकसठ्ठी र पैसा अठ्ठासी ) | -------------------------------x---------------------------- |

उद्योगको उपरोक्त सम्पत्तिहरु बोलपत्र आह्वान गर्दा रु. ७०,००,००,०००/– (अक्षरेपी रु. सत्तरी करोड) भन्दा बढी मूल्य रहेकोलाई अति न्यून मूल्य लगभग रु. १७,००,००,०००/– (रु. सत्र करोड मात्र) (रु. ४,२२,१०,००० + रु. १३,५०,००,०००/–) मा लीलामी गर्दा बैंकलाई के फाइदा भएको हो ?

श्रीमान् अध्यक्षज्यू, स्वीकृत सिमा 'लिमिट' भित्र व्यवस्थित रुपमा नाफामा चलिरहेको निर्यातजन्य एवम् धेरै रोजगार प्रदान गर्ने महालक्ष्मी गार्मेन्ट उद्योगको कारोबार बैंकले अचानक बिना कारण आ.व. २०५७/५८ मा बन्द गरे लगत्तै साबिक बमोजिम सुचारु गरिदिनु भनी रा. बा. बैंकसित पटक–पटक आग्रह र अनुरोध गर्दै आएको थिए ।

रा.बा. बैंक विशाल बजार काठमाडौं शाखाको मिति २०५८/०४/१७ को बोर्ड बैठक नं. १४ ले निर्णय गरी रा.बा. बैंक केन्द्रिय कार्यालयलाई लेखेको मिति २०५८/०५/२९ को पत्र संख्या एल.सी. ३७/१५९ को पत्रमा उद्योगको स्विकृत सिमा 'लिमिट' भित्र कारोबार गराउन अति आवश्यक र जरुरी भएको छ भनी लेखिएको आग्रहलाई समेत रा.बा. बैंक केन्द्रिय कार्यालयले किन बेवास्ता गरेको थाहा छैन ।

उद्योगको कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं पनि बैंकले मिति २०६२/०३/१७ मा लिलामी निकालिएपछि म उद्योगीले पुनः धेरैपटक रा. बा. बैंकसित सम्पर्क गर्न प्रयास गरेको थिए तर रा. बा. बैंकले बेवास्ता गरेपछि मैले बाध्य भई मिति २०६२/०३/२८ मा गोरखापत्रको मुख्य पृष्ठमा सार्वजनिक सूचना मार्फत उद्योगको साबिक बमोजिम स्विकृत सिमा 'लिमिट' भित्रको कारोवार खोलिदिएको खण्डमा उद्योगले रा. बा. बैंकबाट स्वीकृत रु. तेत्तीस करोड लिमिट भित्रैको चल्ती साँवा ऋण रु. २८,९६,५४,२६१/८८ (अक्षरेपी रु. अट्ठाईस करोड छयानब्बे लाख चौबन्न हजार दुई सय एक्सट्ठी रुपैया अट्ठासी पैसा मात्र) तिर्न तैयार रहेको छ भनी जानकारी दिदैं विज्ञप्ति प्रकाशित गरेको समेतलाई रा.बा. बैंकले बेवास्ता गरेको थियो ।

उद्योगीको कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं पनि राष्ट्रिय वाणिज्य बैंकले दुरासयुक्त भावना राखी विगतमा आफूले गरेका षड्यन्त्र र गैरकानूनी कामकारबाहीको ढाकछोप गर्नका लागि ऋण असुली न्यायधिकरण ऐन २०५८ को दफा १४ (७) बमोजिम प्रकृया पूरा नगरी मिति २०६३/०३/२६ मा श्री ऋण असुली न्यायधिकरणमा उद्योगविरुद्ध निवेदन दर्ता गरेको थियो ।

विगतमा पनि रा.बा. बैंकले उद्योगको सोल्टीमोट बाफल स्थित कि. नं. २६६,२६७ र २६८ को घर जग्गा र त्यसभित्रै रहेको मेसिनरी र फर्निचरलाई बोलपत्रको नाँउमा हिनामिना गरेको रा.बा. बैंकलाई जानकारी नै छ । मिति २०७१/०९/१३ मा ऋण असुली न्यायधिकरणले बाकिँ रहेको सम्पत्ति मध्ये डाँछीको कि.नं. १५६ (क्षे.फ. ६-३-२-० जग्गा) र कि.नं. ७० (क्षे.फ. ५-६-३-० जग्गा), न्यूरोड टेवहालका कि.नं. ६४७ र ६४८ को घर जग्गा तथा बाफल कालीमाटीको कि.नं. ८९, ३७२, ३७३ र ३७४ को घर जग्गा को सम्पत्तिलाई मालपोत रजिष्ट्रेशन मूल्य भन्दा कममा लिलामी गरेको रा.बा. बैंकलाई जानकारी नै छ । उपरोक्त कालिमाटी २ (क) को कि. न. ८९, ३७४, ३७३, ३७२ मा अवस्थित भवनको उत्तरपट्टिको लिलामीमा समावेश नगरेको घर जग्गा कि. नं. ६३९ र ६४२ खरीदकर्तालाई फ्री मा उपभोग गर्न छोडिदिएको पनि रा.बा. बैंकलाई जानकारी नै छ ।

मिति २०७१/०९/१३ को लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा मालपोत रजिष्ट्रेशन मूल्याङ्कनलाई समेत अनुशरण नगरी ऋण असुली अधिकृतले सम्पूर्ण सम्पत्तिहरुलाई अवमूल्याँकित गर्नु भएको साथै माथि उल्लेखित एकै कम्पाउण्डबाल भित्रको ५ कित्ता घर– जग्गालाई लिलाममा समावेश नगरेको तथा बाटो नभएको भनी जग्गालाई अवमूल्याङ्कन, प्राविधिक मूल्याङ्कन विषयमा समेत त्रुटि र अवमूल्याङ्कन, बोलपत्रका शर्तहरुको उल्लंघन, बोलपत्र दाखिला समेतका त्रुटिहरु, इत्यादि गरेको प्रष्टै छ र कानुन प्रतिकुल पनि रहेको रा. बा. बैंकलाई जानकारी छ ।

श्रीमान् अध्यक्षज्यू, अन्तराष्ट्रिय रुपमा बिस्तार र नाफामा चलिरहेको उद्योगको कारोबार अचानक बन्द गरी पटक– पटक ऋण उठाउने नाममा उद्योगको बहुमूल्य धितो सम्पत्तिहरुलाई न्यायोचित मूल्याङ्कन समेत नगरी गैरकानुनी तरिकाले अनियमितता र मिलोमतोमा लिलामी गर्दा उद्योगमाथि अन्याय माथि थप अन्याय भएको छ ।

श्रीमान् अध्यक्षज्यू, महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले आफ्नो चल्ती कर्जा कारोबारका लागि बैंकलाई दिएको बहुमूल्य धितो सुरक्षणलाई बोलपत्र आह्वान गर्दा मूल्य रु. ४३,००,००,०००/– (अक्षरेपी रु. त्रिचालीस करोड) भन्दा बढीको सम्पत्तिहरुलाई एकदमै न्यून मूल्य अर्थात् **मालपोतको रजिष्ट्रेशन मूल्य भन्दा पनि कम** रु. १३,४५,०७,८७५/– (अक्षरेपी रु. तेह्र करोड पैत्तालीस लाख सात हजार आठ सय पचहत्तर मात्र) कायम गरी मिति २०७१/०९/१३ मा लिलामी गर्न स्वीकृत हुदाँ बैंकको ऋण उठेको हो ?
उद्योगीले आफ्नो करोडौंको सम्पत्ति गुमाएर ऋण मुक्त भएको छ ?
राष्ट्रको एउटा ठूलो निर्यात उद्योगकर्तालाई पुनः उद्योग व्यापार सुचारु गर्ने बाटो (निकास) प्राप्त भएको हो ?
अन्तराष्ट्रिय स्तरमा ख्याति प्राप्त रोजगारीमूलक र विदेशी मुद्रा आर्जन गर्ने निर्यातजन्य उद्योगलाई समाप्त पारी बैंकलाई फाइदा भएको छ ?
यदि यो सबै होइन भने त्रुटिपूर्ण र अति न्यून मूल्य कायम गरी प्रक्रिया बढाएको लिलामीले कसैको भलाई छैन भन्ने बैंकले किन नबुझेको हो ?
रा. बा. बैंकले आफ्नो लगानी भएको ऋण समेतको परवाह नगर्दा उद्योग र उद्योगीको प्रतिष्ठा र धन सम्पत्तिको नोक्सान हुनुका साथै स्वयं बैंकलाई तथा राष्ट्र समेतलाई हित नहुने कुरा स्पष्ट छ । रा. बा. बैंकलाई लिलामी रोक्ने पूर्ण अधिकार रहेता पनि लिलामी किन नरोकेको ? रा. बा. बैंकले किन मौनता साधेको ?

आम नागरिकले एवम् व्यवसायीहरुले कारोबारका लागि बैंकमा सम्पत्तिहरु दृष्टिबन्धक गरी राखेपछि सो सम्पत्तिहरुको सुरक्षा गर्नु बैंकको दायित्व हो । सम्बन्धित निकायबाट उद्योगको सम्पत्तिको संरक्षण गरि राष्ट्रको निर्यात उद्योगलाई बचाइदिनुहुन सादर विनम्र अनुरोध गर्दछु । यसले बैंकसहित उद्योग र राष्ट्र सबैको हित हुने स्पष्ट छ ।

श्रीमान् अध्यक्षज्यू, श्रीमान् कार्यकारी प्रमुखज्यूलाई मिति २०७९/०२/३० मा पेश गरेको विनेदनसाथ उद्योगले श्री नेपाल राष्ट्र बैंकमा मिति २०७९/०१/०७ मा सबै तथ्य प्रमाण सहित पेश गरेको निवेदनको कपी संलग्न गरी पठाइसकेको छ ।

## श्रीमान् अध्यक्षज्यूबाट सहयोगको अपेक्षा राख्दै


**निवेदक**
बृज गोपाल इनानी
प्रोपाइटर
महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज
पोष्ट बक्स नं. ४२०६,काठमाडौं, नेपाल ।
फोन नं.:– ९७७–९८४९६५०५१४
E-Mail:- mahalaxmigarmentindustries@gmail.com
Website :- www.mginepal.com